# अर्थमन्त्रालयको सूचना

वैशाख ४ गते २०१३ सालको खण्ड ६ संख्या १ भाग ४ मा प्रकाशित भएको अर्थमन्त्रालयको २०१३।१।३।१ को सूचना खारेज गरी देहायबमोजिम गर्ने सरकारको निर्णय भएको छ ।

१. मालपोत

(क) २०१२ सालसम्म भारतीय रूपैयांमा मालपोतको लगत रही आएको मा २०१३।१।३ को अर्थमन्त्रालयको सूचनाबमोजिम भा. रू. १०० को मोहरू १२८ दर्ले हिसाब गरी मोहरूमा लगत रही आएको सबै कलममा सो लगतको मोहरूलाई मोहरू १२८ को भा.रू. १०० ले हिसाब गरी ठह-रिन आएको भा.रू. को भा.रू. १०० को मोरू. १५० ले हिसाब गरी हुन आउने अंकबमोजिम २०१५ सालको लगत मोहरूमा नै राख्नु राख्न लाउनु ।

(ख) लगत मोहरूमा भएकोले मोहरू नै बुझी लिने गर्नु । कसैले मो.रू. बुझा-उन नसकी भा.रू. बुझाउन ल्याएमा मो.रू १५० को भा. रू. १०० दर कायम गरी बुझी लिनु लिनलाउनु ।

(ग) त्यस्तो मालपोत बुझि लिने गर्न्हले जुन मुद्रामा बुझिलिएको छ रकम खुलाई व्यहोरा जनाई श्रेस्तामा आमदानी बाधने र सोहीबमोजिम खुलाई रसीद भर्पाई गरी दिनु दिलाउनु ।

२. मालपोत बाहेक अरू दण्ड जरीबाना महसूल इत्यादि

(क) ठेक्का रकमको किस्ता र सलामी (रायल्टी) बाहेक अरू दण्ड जरीबा-ना भंसार महसूल, इत्यादि सरकारमा दाखिल हुने गर्न्ह रकमको हालसम्म भा.रू. मा लगत रही आएको इलाकाहरूमा भा.रू. को सट्टा भा.रू. १०० को मो.रू १२८ दर्ले ठहरिने मोहरू बुझाउन पाउने बुझि लिने भै आएकोमा अबउप्रान्त भा.रू. को सट्टा भा.रू. १०० को मोहरू १५० ले मोहरू बुझाउन पाउने र बुझि लिने गर्नु गर्नलाउनु ।

(ख) उपरोक्त (क) उपदफा बमोजिम भा. रू वा मोहरू जे मा बुझाउछ बुझि ली श्रेस्तामा रकम खुलाई आमदानी बाधी बुझाउनेलाई पनि रकम खुलाई रसीद भर्पाई दिने गर्नु गर्नलाउनु ।

४६१

३. सजाय.

माथि १२ दफा बमोजिम नगरी भा. रू १०० को मोहरू १५० एक सय पचास भन्दा बढी दर्ले असूल तहसील गरी लिएछ भने, बढी लिई श्रेस्तामा आम्दानी बाँधेको भए बढी दर्ले ली आमदानी बाधेको बिगो जत्तिको बिगो बमोजिम जरीवाना गर्नु, बढा दर्ले ली श्रेस्तामा आमदानी नबाधेको रहेछ भने बढी लिएको बिगो जफत गरी सो बिगोबमोजिम जरीवाना समेत गरी थप सजायलाई जाहेर गरी निकासा भएबमोजिम गर्नु गर्नलाउनु।

आज्ञाले—
नीरराज,
सचिव—अर्थमन्त्रालय.

४६२



मुद्रण विभाग, सिंहदरबार
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।